ठाटीकाँध गाउँपालिका
लकान्द्र, दैलेख
कर्णली प्रदेश ,नेपाल
स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड १ | (सँख्या १२) | साउन,२५ गते २०७५ साल |

भाग १

ठाटीकाँध गाउँपालिकाको गाउँ सभाको मिति २०७५ असार २८ गते स्वीकृत भएको देहाय  बँमोजिमको ऐन स्थानीय  सरकार सँचालन ऐन ,२०७४ बँमोजिम सर्वसाधारणहरुको जानकारीकोलागि प्रकाशन गरिएको छ ।

## ठाटीकाँध गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रत्रिका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ को उपदफा (१) बमोजिम ठाटीकाँध गाँउपालिकाको सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम ठाटीकाँध गाँउपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन ठाटीकाँध गाँउपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले ठाटीकाँध गाँउपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका”भन्नाले ठाटीकाँध गाँउकार्यपालिका सम्झनु पर्छ ।

(घ) “गाँउपालिका” भन्नाले ठाटीकाँध गाँउपालिका सम्झनु पर्छ ।

(ङ) “सभा”भन्नाले संविधानको धारा २२२ बमोजिमको ठाटीकाँध गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ ।

(च) “संविधान”भन्नाले नेपालको संविधान २०७२ लाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकारः** (१) नेपालको संविधान २०७२ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाँउपालिका लाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह

गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त ठाटीकाँध गाँउपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा(१)वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही ठाटीकाँध गाँउ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

| | |
|---|---|
| | आज्ञाले |
| | दिपेन्द्र बहादुर शाही |
| प्रमाणीकरण मिति २०७५।०३।२८ | नि.प्रमुख प्रशासकीय अधिकृत |